# बार्षिक नीति तथा कार्यक्रम

## आ.ब. २०७९/८०

वराहक्षेत्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टी, सुनसरी

७ असार २०७९

# बराहक्षेत्र नगरपालिकाको आ. व. २०७९।०८० को
# वार्षिक नीति तथा कार्यक्रम
# २०७९।०३।०७

श्री नगर उपप्रमुख ज्यू

श्री नगरसभाका सचिव ज्यू ।

श्री नगरसभा सदस्यज्यूहरु ।

श्री राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु ।

श्री राष्ट्रसेवक सम्पूर्ण कर्मचारीहरु ।

श्री संचारकर्मी एवं सभामा उपस्थित महानुभावहरु ।

१. आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम प्रस्तुत हुने सम्मानित दशौं नगर सभाको बैठकमा यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दै नेपालको संविधान जारी भएपछि दोश्रो पटक जनताको घरदैलोमा सेवा प्रदान गर्ने स्थानीय तहको निर्वाचनमा हामीलाई आफ्नो अमुल्य मत दिएर स्थानीय सरकारको नेतृत्व गर्ने अवसर प्रदान गर्नु हुने बराहक्षेत्रबासी सम्पुर्ण आमा बुबा दाजुभाई दिदिबहिनीहरुमा सर्वप्रथम हार्दिक आभार व्यक्त गर्दै सम्पुर्ण नव निर्वाचित पदाधिकारीहरुका तर्फबाट हार्दिक कृतज्ञता सहित धन्यबाद व्यक्त गर्न चाहन्छु ।

२. यो गरीमामय सभामा नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जीवन उत्सर्ग गर्नुहुने शहीदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । साथै ती आन्दोलनहरुमा नेतृत्व गर्नुहुने अग्रज तथा साथ र सहयोग गरी योगदान दिनुहुने समस्त नेपाली दाजुभाई दिदीबहिनीहरुमा हार्दिक सम्मान प्रकट गर्दछु ।

३. विगत दुई वर्षको अवधिमा कोभिड—१९ भयाबह माहामारीबाट बाह्र हजार भन्दा बढी नेपालीले आफ्नो अमुल्य जीवन गुमाउनु भएको छ । वहाँहरु सबैमा हार्दिक श्रद्धाञ्जली साथै वहाँहरुको परिवार आफन्तजनप्रति हार्दिक समबेदना प्रकट गर्दछु ।

४.  नेपालको संविधान जारी भए पश्चात स्थानीय तहको दोश्रो निर्वाचनबाट निर्वाचित नगर प्रमुखको हैसियतले बराहक्षेत्र नगरपालिकाको आ ब २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम सम्मानित सभामा प्रस्तुत गर्न पाँउदा मलाई गौरबको महसुस भएको छ ।

५.  सीमित श्रोत साधनका बाबजुद पनि बराहक्षेत्र नगरपालिकालाई संमृद्धि प्राप्त गर्ने यात्रामा अघि बढाउन सकन्छ भन्ने बिश्वास र उत्साहका साथ आगामी आ. ब. को यो वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरीएको व्यहोरा स्मरण गराउँदै, सर्वप्रथम हामीले दोश्रो निर्वाचनबाट निर्वाचित भएर पदभार ग्रहण गरीरहदाँको अवस्थामा नगरपालिकाको सामाजिक, आर्थिक तथा भौतिक अवस्थाका सन्दर्भमा केहि संक्षिप्त समिक्षा प्रस्तुत गर्न चाहन्छु ।

१.  गत वर्ष चालु आ.व. २०७८।७९ को लागि अघिल्लो सभामा रु १ अर्ब ५ करोड ५८ लाख ३२ हजार ५ सयको बजेट प्रस्तुत गरीएको थियो। यसमा २०७९ जेठ मसान्त सम्ममा जम्मा रु. १ अर्ब १ करोड ७२ लाख १७ हजार ५ सय संशोधित अनुमान रहेकोछ । जसमध्ये शसर्त अनुदान बाहेक ९२ करोड ९ लाख ५३ हजार ६ सय हाम्रो सञ्चित कोषमा निकासा प्राप्त भइ खर्च रु. ६८ करोड १५ लाख १३ हजार ४ सय कुल प्राप्त बजेटको ७४.०० प्रतिशत खर्च भएको छ । यसमध्ये चालु तर्फ ११ करोड ७४ लाख विनियोजित बजेटको ८४.४१ प्रतिशत र पूँजीगत तर्फ ५० करोड २४ लाख ४९ हजार विनियोजित बजेटको ४४.५३ प्रतिशत खर्च भएको छ ।

२.  कोभिड नियन्त्रणको सिलसिलामा बराहक्षेत्र नगरपालिकामा हालसम्म १२ बर्ष भन्दा माथिका ५७,७२४ जनाले पहिलोमात्रा, ३१,५८४ जनाले दोश्रो मात्रा र १३,७३८ जनाले थप मात्रा (बुष्टर डोज) खोप लगाई सकिएकाले अब बाकि रहेका जनसंख्यालाइ प्रदेश सरकारसँग समन्वय गरी शतप्रतिशत व्यक्तिलाई खोप प्रदान गर्ने लक्ष्य लिएको छ ।

३.   आरक्षण क्षेत्रका जंगली जनावर हाती, अर्ना लगायत जनावरबाट दिनहुँजसो जनताको  कृषिबाली घरआवास क्षति हुने र जनताको जीवन समेत असुरक्षित अवस्थामा रहँदै आएको  नियति हामीले भोगी रहेकै छौं। यसको समाधानका लागि हालसम्म गरेका प्रयत्नहरु पनि  प्रभावकारी  हुन  सकिरहेका  छैनन्  ।  जंगली जनावरको क्षतिबाट बचाउन दिगो र बैज्ञानीक समाधान हाम्रो प्रमुख चुनौतीको रुपमा रहेको छ ।

४.   आज हामीले यस नगरपालिकामा पदभार ग्रहण गरीरहेको अवस्थामा भौतिक पुर्वाधारतर्फ गत विगतमा सबै निकायको लगानीमा कालोपत्रे बाटो ३२ कि. मि. रहेकोमा, गत आ.ब.मा १३ कि.मि. निर्माण भएको  र चालु आ.ब.मा ठेक्का बन्दोबस्त भई ११ कि.मि. कालोपत्रे सडक निर्माणाधिन अवस्थामा रहेको छ।

५.   खानेपानी तर्फ वडा नं १ को सम्पूर्ण क्षेत्रमा साना ठुला योजना मध्ये केही सम्पन्न भएको र  केही निर्माणाधीन अवस्थामा रहेको, वडा नं २ मा योजना विस्तार भइरहेको, वडा नं  ३,४,५,६ र ७ मा खानेपानी विस्तार तथा संचालन भएको, वडा नं ७, ८ को केही भागमा पानी वितरण भएको, वडा नं ९,१० र ११ मा खानेपानी योजना निर्माणाधीन अवस्थामा रहेको छ ।

६.   कृषि क्षेत्रको विकासमा प्रोत्साहन गर्न कृषकलाई स्पेयर मेशिन, पावर टिलर, मिनि टिलर, रिपर (धान काट्ने मेशिन), कम्थ्रेसर (मकै छोडाउने मेशिन), मल्चर (डयाङ्ग बनाउने मेशिन), ड्रायर मेशिन (सुकाउने) निशुल्क तथा अनुदानमा वितरण भइरहेको छ।

७.   सिंचाई तर्फ स्यालो ट्युबेल, बोरिङ्ग वितरण भइरहेका छन् साथै बोरिङ्ग पाइप विस्तार र चेम्बर निर्माण कार्य संचालनमा रहेका छन् ।

८. नगदेबाली तर्फ श्रीलंका टप्पुमा बेसार लगायत विभिन्न तरकारी पकेट कार्यक्रम, सूर्यकुण्डमा अदुवा, बेसार पकेट कार्यक्रम र सूर्यकुण्डमै तरकारी पकेट कार्यक्रमहरु संचालनमा रहेका छन् । कृषकहरुलाई ५० प्रतिशत अनुदानमा च्याउको विउ वितरण कार्यक्रम संचालन हुँदै आएको छ।

९. कृषि घुम्ती स्थलगत तालिम, बेमौसमी तरकारी खेती तालिम, आईपिएम पाठशाला संचालन लगायतका कार्यक्रमहरु संचालन भईसकेका छन् ।

१०. पशु विकासतर्फ च्यापकटर (कुटी काट्ने) मेशिन वितरण, पशु शिविर, घरदैलो पशु भ्याक्सिनेसन कार्यक्रम सम्पन्न गरी सिमेन नाईट्रोजन कार्यक्रम निरन्तर रुपमा संचालनमा रहेका छन् ।

११. माछा तथा बाखा पकेट संचालन हिउँदे बर्षे तथा बहुबर्षे घाँसका बिउ तथा बेर्नाहरु वितरण कार्यक्रम संचालन गरीएको साथै पशुसेवा शाखा मार्फत पशु उपचार सेवा निरन्तर रुपमा संचालन भईरहेको छ।

१२. गरीबी निवारणका लागि लघु उधम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत उधमशिलताको तालिम प्रदान गरी बिपन्न ९० जना नयाँ लघु उद्यमीहरु सिर्जना गरीएको छ । पुराना ४५ जना लघु उद्यमीहरुलाई पुनःताजगी तालिम प्रदान गरी स्तरोन्नति गरीएको छ । यस अन्तर्गत तालिम प्राप्त २७ जना बिपन्न महिलालाई सिलाईकटाई मेसिन प्रदान गरीएको छ ।दालमोठ, डलकुसन अगरवत्ती, बेकरी बनाउने तालिम प्रदान गरी सो सम्बन्धी प्रबिधि समेत हस्तान्तरण गर्ने कार्य सचालन भईरहेको छ ।

१३. करुणा फाउन्डेसन नेपाल फेजआउट भएपछि नगरपालिकाबाट सञ्चालित अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत गर्भवती महिलाको नियमित स्वास्थ्य जाँच सुनिश्चित गर्नका लागि मोबाइल हेल्थ कार्यक्रम, शुभकामना कार्ड वितरण, अपांगता भएका बच्चा नजन्मियोस भन्ने उद्देश्यका साथ गर्भवती महिला तथा

बच्चा पाउने इच्छा भएका दम्पतीलाई फोलिक एसिड खुवाउने कार्य, ११ वटै वडामा अपांगता भएका व्यक्तिको स्वास्थ्य परीक्षण शिविर सञ्चालन, शिविरबाट सिफारीश भएका व्यक्तिलाई कानसुन्ने मेसिन लगायतका सहायक सामग्री वितरण गरीएको । अपाङ्ग भएका ब्यक्तिहरुको हितका लागि पालिका स्तरिय अपाङ्ग सहकारी संस्था स्थापना गरी ५ लाख बिउ पुँजि अनुदान प्रदान गरीएको छ ।

१४. नगरपालिकाको आब २०७६/७७ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु ७ करोड ८८ लाख ६९ हजार रहेकोमा आब २०७७।७८ को लेखा परिक्षण हुँदा १० करोड ३१ हजार प्रारम्भिक प्रतिबेदन सहित जम्मा १७ करोड ८९ लाख बेरुजु देखिएको छ । यसबाट एकातिर वित्तीय सुशासन सुधार हुनु पर्ने आवश्यक देखिएको छ भने अर्कोतिर बेरुजु फछ्र्यौट गर्नेतिर ध्यानकर्षण हुन आवश्यक भएको छ ।

१५. स्थानीय तहको न्यायीक सम्पादन कार्य अन्तर्गत गत वर्ष किनारा हुन बाँकी चालु आव मा जिम्मेवारी सरि आएका २५ र चालु आवमा दर्ता हुन आएका ५३ समेत जम्मा मुद्दा संख्या ७८ रहेकोमा चालु आवमा ३७ फछ्र्यौट गरी ४१ वटा मुद्दा सुनुवाइको क्रममा रहेका छन्।

**आदरणीय महानुभावहरु,**

उत्तरमा प्रसिद्ध बराहक्षेत्र मन्दिर र कोशी नदीको पूर्वी तटमा अवस्थित बराहक्षेत्र नगरपालिका कृषि र धार्मिक पर्यटनको प्रचुर सम्भावना बोकेको कोशी टप्पु बन्यजन्तु आरक्षको सिमावर्ती क्षेत्रमा रहेको हाम्रो नगरपालिका एउटा सम्भावना युक्त भविष्य बोकेको नगरपालिका हो ।

हाम्रो नगरको यो नीति तथा कार्यक्रम प्रस्तुत गरीरहँदा कोशी कटानबाट क्षणभरमै सुकुम्बासीमा परिणत भएका हजारौ घरबार बिहीन विस्थापित परिवारको स्मरण आईरहेको छ । अहिले पनि वर्षाद शुरु भएपछि कोशी नदीको पश्चिम किनारा कटान भईरहेको अवस्था छ।भबिष्यमा यो नियति नदोहोरिएला भन्ने कुनै निश्चित छैन

। हाम्रो सर्वाधिक चुनौतिकारुपमा रहेको यो समस्यालाई पहिलो प्राथामिकतामा राखि नेपाल सरकार प्रदेश सरकारको ध्यानकर्षण गराईरहेकाछौ । कोशीटप्पु आरक्षको सिमावर्ती क्षेत्रमा रहेका जनताको आरक्ष क्षेत्रभित्र रहेका रैथाने जंगली हात्ती लगायत जंगली जनावरले बालीनाली घरबास क्षती पुऱ्याई रहेको समस्या स्थानीय विशेषका लागि मुख्य चुनौतिको रुपमा रहदैं आएको छ। यसका अतिरिक्त विकासको क्रममा पछाडी परेका वर्ग र क्षेत्रलाई विकासको मुल प्रवाहमा समाहित गर्नु, स्थानीय स्तरमा रोजगारीका अवसरहरु वृद्धि गरी युवा जनशक्तिलाई स्वदेशमै केही गर्न सकिन्छ भन्ने आशाको संचार गराउनु, निर्वाहमूखी कृषि प्रणालीलाई व्यवसायीकरण गर्नु, कृषि पेशालाई अशिक्षित र गरीबको पेशाबाट सम्मानित पेशाको रुपमा रुपान्तरण गरी युवाहरुको संलग्नतालाई प्रोत्साहित गर्नु, उपलब्ध साधन श्रोतलाई उत्पादनशील क्षेत्रमा प्रवाहित गर्नु, लक्षित वर्गका कार्यक्रमहरुलाई राज्यको सबैभन्दा तल्लो वर्ग र तहसम्म पुऱ्याउनु, स्थानीयस्तरमा सुशासन प्रवर्द्धन गर्नु आदि विकास प्रकृयाका विद्यमान चुनौतीहरु हाम्रा सामु रहेका छन् ।

**आदरणीय महानुभावहरु,**

विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड १९ को संकटबाट भर्खर तंग्रिन लागेको हाम्रो सामाजिक आर्थिक तथा पुर्वाधार क्षेत्रमा तीव्र विकास गर्ने लक्ष्य राख्दै अगामी आवको यो बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्दा **"समृद्ध वराहक्षेत्रको आधार, कृषि, पर्यटन र दिगो पुर्वाधार"** लाई नै मुल मन्त्र बनाई नेपालको संविधानको भावना, नेपालको पन्ध्रौं योजनाले परिलक्षित गरेको मार्गदर्शन, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गरेको दिशा निर्देशन, संघीय सरकारको नीति तथा कार्यक्रम, प्रदेश नं. १ सरकारको वार्षिक नीति तथा कार्यक्रम र हाम्रा कार्यपालिका सदस्यहरु र आम नगरवासीहरुबाट प्राप्त सुझावहरुलाई नै प्रमुख आधार मानी तयार गरीएको यो नगर कार्यपालिकाको विभिन्न बैठकमा भएको छलफल र राय सुझाबका आधारमा अगामी आ.व. २०७९/८० को लागि निम्नानुसार क्षेत्रगत नीति कार्यक्रम तथा बजेट संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## राजश्व परिचालन एवम् श्रोत अभिवृद्धि:

१. राजश्व असूली कार्यलाई पारदर्शी सरल र सूचनामैत्री बनाउन नगरपालिकाका ११ वटै वडामा जडान गरीएको कम्प्यूटर सफ्टवेयरलाई अनलाइन नेटवर्किङ्ग प्रबिधिमा लगिनेछ ।जसबाट जुनसुकै समयमा राजश्वको अवस्था बारे सूचना प्राप्त गर्न सकिनेछ ।

२. कर प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउने सवालमा व्यापारी व्यवसायीहरुको प्रतिनिधिमुलक संस्था स्थानीय उद्योग वाणिज्य संघसंग सहकार्य र समन्वय गर्दै अगाडी बढने नीति लिइनेछ ।

३. कुनै पनि योजनाहरुको सम्झौता गर्नु अगावै उपभोक्ता समितिका पदाधिकारीहरुलाई आफुले बुझाउनु पर्ने व्यवसाय कर, वहाल कर, चुक्ता गर्न अनिवार्य गरीनेछ। साथै सो योजनाबाट लाभान्वीत उपभोक्ताहरुलाई पनि आफूले तिर्न बाँकी कर चुक्ता गर्न प्रोत्साहन गरीनेछ ।

४. यस नगरपालिकाको स्वामित्वमा रहेका र पालिकाको संरक्षण र परिचालन गर्न सक्ने भवन जग्गा जमिन, हाटबजार तथा अन्य भौतिक सम्पतिको अभिलेख अध्यावधिक गरी यसलाई राजश्व आम्दानी गर्ने माध्यमका रुपमा परिचालन गरीनेछ।यस्ता श्रोतहरुको परिचालन गर्दा पारदर्शी प्रतिस्पर्धात्मक पद्धतीको प्रकृयालाई अवलम्बन गरीनेछ ।

७. वार्षिक रुपमा सबैभन्दा बढी कर तिर्ने करदाताहरुको अभिलेख राखी निजहरुलाई प्रत्येक बर्ष नगरपालिकाले आयोजना गर्ने कुनै सार्वजनिक समारोहमा विशेष रुपले पुरस्कृत र सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।

८. नगरपालिकाबाट उपलब्ध गराइने सेवा सुविधाका कार्यहरुलाई राजश्व चुक्ता प्रणालीसंग आवद्ध गरीनेछ ।

९. राजश्व अभिबृद्धि गर्ने कार्यमा उत्कृष्ट योगदान दिने जनप्रतिनिधि तथा कर्मचारीलाई कार्यपालिकाको निर्णयबाट प्रोत्साहन गर्न पुरस्कार तथा सम्मानको व्यवस्था गरीनेछ ।

१०. नगरपालिकाले उठाउने आन्तरिक राजश्व श्रोत तर्फको कर, शुल्क, दस्तुरको दर रेट नबढाइ सबै करदातालाई समेटी करको दायरा फराकिलो बनाई सामाजिक न्याय सुनिश्चित गरीने छ ।

११. नगर क्षेत्र भित्र सञ्चालित खानी तथा क्रसर उद्योगहरु सञ्चालनको छुट्टै मापदणड बनाई नगरपालिकाको दिगो आम्दानीको श्रोतको रुपमा विकास गरीनेछ ।

१२. कर दाताको सहभागीतालाई अभिवृद्धि गरी कुल बजेटको अंशमा आन्तरिक आम्दानीको अंश प्रत्येक वर्ष वृद्धि गर्दै लगिने छ ।

१३. नगरपालिकाको आन्तरिक श्रोत बृद्धि गरी नगरलाई समुन्नत नगर बनाउनका लागी बहाल बटौरी शुल्क निर्धारण शुल्क संकलन शुरु गरीनेछ ।

## आर्थिक विकासः

**कृषिः**

१. कृषि क्षेत्र विकासको लागी छुट्टै क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ ।

२. वराहक्षेत्र नगरपालिका वडाहरुमा **"एक वडा एक उत्पादन पकेट क्षेत्र"** को रुपमा प्राविधिक सम्भाव्यता अध्ययन गरी खाद्य तरकारी तथा फलफुलको उत्पादनमा वृद्धि गरीनेछ ।

३. विषादि न्यूनीकरण गर्न कृषकको सचेतनाका लागि नगरपालिकाका विभिन्न क्षेत्रमा कृषक पाठशाला संचालन गरीनेछ ।

४. निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण एवं प्रतिस्पर्धात्मक बनाई आधुनिक व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गर्न जोड दिइनेछ ।

५. कृषकहरुलाई आवश्यक्ता अनुसार व्यवसायिक कृषि तालिमको लागि विशेष जोड दिईनेछ ।

६. खेती योग्य जग्गाहरुलाई बझ्याएर छाड्ने कार्यलाई दण्डनीय बनाउने नीति लिईनेछ ।

७. यस नगरपालिकाको लगानीमा स्थापना गरीएको कोल्डस्टोरलाई आवश्यक मर्मत सम्भार गरी तत्काल संचालनमा ल्याईनेछ । अन्य साबिकका पाँच वटै गाबिसमा एक/ एकवटा कोल्डस्टोर स्थापना गर्न पहल गरीनेछ ।

८. हाल नगरपालिकामा संचालनमा रहेको कृषि ल्याबलाई अझै व्यवस्थित गरी हरेक वडामा कृषि प्राविधिकको व्यवस्था गरीने छ ।

९. कृषि क्षेत्रमा यान्त्रिकरणबाट रुपान्तरण र आधुनिकिकरण गरी उत्पादन लागत घटाउन अनुदानको व्यवस्था गरीनेछ ।

१०. कृषकहरुलाई स्थानीय कृषि सहकारी मार्फत निशुल्क र सहुलियत मुल्यमा मल खाद उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

११. माटाको उर्बरशक्ति बढाउन स्थानीयस्तरमा हरियोमल, प्राङ्गरिकमल उत्पादन र प्रयोगलाई प्रोत्साहन गरीनेछ ।

१२. चतरा नहरबाट सिंचाई हुनसक्ने खेती योग्य जमिनको पहिचान गरी थप शाखा नहर कुलो विस्तार र सरसफाई गरीनेछ ।

१३. नगरपालिकाको उतरी भेगका कृषियोग्य जमिनमा बिधुतिय प्रबिधिबाट लिफ्टसिस्टम सिचाईको प्रबन्ध गरीनेछ ।

१४. भूमिगत जल भण्डार भएको क्षेत्रमा डिप बोरिङ्ग स्यालो ट्युबेल साना सिंचाई मार्फत गरीने सिचाईलाई प्रोत्साहन गरीनेछ ।

१५. तरकारी फलफुल दुध मासुमा नगरलाई आत्मानिर्भर बनाउदै लगिनेछ ।

१६. कृषि उपजलाई बजारीकरण गर्न बजारको पूर्वाधार निर्माण गरी बजारको सुनिश्चितता प्रदान गर्ने साथै कृषि एबुलेन्सको व्यावस्था गरी अन्य स्थानीय तहहरुसंग भगीनी सम्झौता मार्फत बजार विस्तार गरी कृषि उपज बिक्री वितरण व्यावस्था मिलाई कृषकलाई प्रोत्साहन गरीने छ।

## पशुपंक्षी पालनः

१. पशुपालनबाट आम्दानी बढाउन उन्नत जात नश्लसुधार कार्यलाई प्रोत्साहन गरीनेछ ।

२.   नगरमा ए.आई. मिसन अन्तर्गत संचालित कृतियम गर्भाधानका माध्यमबाट उन्नत जातका पशुको उत्पादनबाट थप आयआर्जनका लागि प्रोत्साहन गरीनेछ ।

३. व्यवसायिक पशुपालन (गाई, भैसी, बाख्रा, बंगुर, कुखुरा, हाँस, आष्ट्रिज, कालिज र मौरी) लाई प्रोत्साहन गर्न अनुदान उपलब्ध गराउने व्यवस्था गरीनेछ ।

४. डेरी उद्योगको स्थापना र बजारीकरणमा सहयोग गरीनेछ ।

५. भेटनरी प्राविधिक सेवालाई सबै वडामा पँहुच हुनेगरी विस्तार गरीनेछ ।

६. दुग्ध व्यवसायलाई प्रवर्द्धन गर्न पशुपालक कृषकलाई प्रोत्साहित गरीनेछ ।

७. कृषि तथा पशुपंक्षी पालनमा देखिएको बढ्दो महिला सहभागितालाई प्रोत्साहन गर्दै उहाँहरुको सशक्तिकरणका लागि आवश्यक तालिम तथा साना व्यवसायिक महिलामुखी कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

८. स्वस्थ्य, स्वच्छ मासुको विक्री वितरण गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी तुल्याईनेछ ।

९.  पशुपालन प्रवर्द्धन गर्न सबै वडाहरुमा पशु स्वास्थ्य घुम्ती शिविर , घरदैलो पशु भ्याक्सीनेसन कार्यक्रमलाई प्राथामिकता साथ संचालन गरीनेछ ।

## पर्यटनः

१.  कोशी नदीमा जल यातायातलाइ व्यवस्थित गरी आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्दै रोजगारी तथा आय आर्जनको माध्यमका रुपमा अघि बढाईनेछ ।

२.  बराहक्षेत्र नगर क्षेत्रमा पर्ने वराहक्षेत्र किनारमा होटेल ,रेस्टुरेन्ट घोडाघोढी, फिसिङ, स्याण्ड भलिवल, स्याण्डबाथ आदिको प्रवर्द्धन गरीने छ ।

३.  राजावास पश्चिम कोशी किनारामा सुर्यास्तको मनोरम दृश्यावलोकनको लागि स्थान छनोट गरी व्यवस्थित गराइ प्रचार प्रसार गरीने छ।

४. ऐतिहासिक, पुरातात्विक स्थल तथा पर्यटन क्षेत्रहरुको संरक्षण संवर्द्धन गरी त्यसको प्रचार प्रसार गर्दै त्यसबाट आय आर्जन र रोजगारी श्रृजना गर्ने नीति लिईनेछ । ।

५. पर्यटन क्षेत्रको विकास तथा धार्मिक पर्यटन प्रवर्द्धन गर्न छिमेकी कोशी गाँउपालिकासंग समन्वय गरी भान्टाबारी देखि चक्रघट्टी र चक्रघट्टी देखि चतरासम्म कोशी किनार पर्यटकीय कोरीडोर निर्माण गर्न सर्बे डिपिआरको प्रकृर्या यसै बर्ष शुरु गरीनेछ । यसै कोरीडोरलाई जोडेर धरान उपमहानगरसंग समन्वय गरी चतरा कुम्भ, बराहक्षेत्र, रामधुनी, बिजयपुर , पिण्डेश्वर, दन्तकाली, बुढासुब्बा सम्म धार्मिक पर्यटकका लागि धार्मिक सर्किटका रुपमा विकास गर्ने अवधारणा अघि बढाईनेछ ।

६. सुर्यकुण्ड तथा चियाबारी क्षेत्रसम्म जान सहज पुर्वाधारको विकास गरी त्यस क्षेत्रलाई पर्यटन क्षेत्रका रुपमा विकास गर्न होमस्टे लगायत विभिन्न ब्यबसाय संचालन तालिम प्रदान गरीनेछ।

## सहकारी तथा अन्य क्षेत्रः

१. हाम्रो नगरपालिकालाई आफ्नो कार्यक्षेत्र बनाई विभिन्न ८४ वटा सहकारीहरु दर्ता भएको देखिएता पनि हाल ६८ वटा सहकारीहरु मात्रै क्रियाशील रहेको देखिएको छ ।सहकारीलाई सहकारी सिद्धान्त मुल्य मान्यता र नीति नियमको परिधि भित्र रहि आधुनिक प्रबिधिबाट संचालन गर्न तालिम र क्षमता विकासका कार्यक्रमहरु संचालन गरीनेछ ।

२. सहकारीलाई संख्यात्मक भन्दा गुणात्मक रुपमा विकास गर्न मर्जर (एकिकृत) गर्ने, दर्ता भएर अस्तित्वमा नरहेका सहकारीहरुलाई खारेज गर्ने नीति लिईनेछ ।

३. सहकारी संस्थाका माध्यमबाट कृषकहरुलाई सरल र सहज ढङ्गबाट कृषि मलखाद बीउ बिजन वितरण गरीने छ ।

४. स्थानीय श्रोत साधन एवं जनशक्ति परिचालन गरी स्थानीय स्तरमा रोजगारी सृजना गर्ने उद्योगहरु स्थापना गर्न प्रोत्साहित गरीनेछ ।

५. बिदेशबाट फर्केका दक्ष अनुभवी युवाहरुले व्यवसाय गर्न चाहेमा विषेश अनुदानको व्यवस्था गरीने छ ।

६. युवाहरुलाई रोजगारी प्रदान गर्न, **"मेयर सिप विकास कार्यक्रम"** तर्जुमा गरी स्वदेशमा केहि गर्न चाहने र बैदेशीक रोजगारमा जान चाहने युवाहरुलाई माग अनुसारको विभिन्न तालीम प्रदान गरीने छ ।

७. **"उपमेयर महिला सशक्तिकरण कार्यक्रम"** तर्जुमा गरी नगरका बिपन्न बेरोजगारी महिला दिदिबहिनीहरुलाई रोजगारी उपलब्ध हुने सिप विकास कार्यक्रम र क्षमता विकास कार्यक्रमहरु सबै वडामा संचालन गरीने छ।

८. उपभोक्ता अधिकार सुनिश्चित गर्नका लागि उपभोग्य वस्तु गुणस्तर सम्बन्धि जनचेतना अभिवृद्धि गराउने र नियमित बजार अनुगमन तथा नियमन प्रणालीको विकास गरीनेछ ।

९. कालोबजारी नियन्त्रण गर्न उद्योग वाणिज्य संघ, वडा कार्यालय, टोल विकास संस्थाहरुलाई सहभागी बनाई अनुगमन संयन्त्र निर्माण गरीनेछ र यसका लागि जिल्ला प्रशासन कार्यालयसँग समन्वय र सहकार्य गरीनेछ ।

१०. युवा स्वरोजगार, लघुवित, सामुहिक कर्जा, शैक्षिक कर्जा र वैदेशिक कर्जा क्षेत्रमा वित्तीय क्षेत्रलाई लगानी गर्न अनुकुल वातावरण श्रृजना गर्ने नीति लिईनेछ ।

११. वित्तिय संघ संस्थासंग समन्वय गरी सामाजिक उत्तरदायित्व अन्तर्गत तोकिएको क्षेत्रमा सहुलियत व्याजमा लगानी गर्न उत्प्रेरित गरीनेछ ।

१२. नगरपालिकामा औद्यौगिकग्राम स्थापना गरी संचालन गर्न सम्बन्धित निकायमा आवश्यक पहल कदमी लिइने छ ।

१३. रोजगारी श्रृजना हुने क्षेत्रमा लगानी गर्न लगानीकर्ताहरुका लागि लगानी मैत्री बातावरण श्रृजना गर्ने नीति लिईनेछ ।

१४. आर्थिक रुपमा विपन्न समुदायलाई समेत विद्युतमा पहुँच सुनिश्चित गर्ने नीति लिएको छु । यसका लागि डोम, मुसहर, चमार र झाँगड समुदायहरुले विधुत मिटर जडान गरेमा मासिक रुपमा तिर्नुपर्ने शुल्कमा ५० प्रतिशत नगरपालिकाबाट अनुदान दिइनेछ ।

१६. नगरपालिकाको विकास निर्माणका लागि थप श्रोत जुटाउन नगर विकास कोषबाट ऋण सहयोग लिई उत्पादनमुलक क्षेत्रमा लगानी गरीनेछ ।

## पुर्वाधार तथा भौतिक विकासः

१. विकासको सबै क्षेत्रको ढोका भौतिक विकासको पुर्वाधारबाटै खोलिने हुदाँ आगामी आ.ब.को मुल नारा नै **"हाम्रो नगर, दिगो भौतिक पुर्वाधार,"** राखि भौतिक पुर्वाधारको विकासमा विशेष जोड दिने नीति लिईनेछ ।

२. **"हाम्रो सडक हाम्रो सहभागीता, स्तरीय सडक, हाम्रो प्रतिबद्धता"** भन्ने नारा अनुरुप नगरका कच्ची सडकलाई कल्भर्ट, ह्युमपाईप सहित ग्राभेल सडकमा स्तरोन्नति गरीनेछ।

३. कोशी नदिमा वडा नं ६ स्थित ठाकुरबारी देखी श्रीलङ्का टप्पु जोड्ने झोलुङ्गे पुल निर्माणका लागि संघीय सरकार तथा प्रदेश सरकारमा बिषेश प्रयत्न भईरहेको व्यहोरा यहाँहरुमा जानकारी गराउन चाहन्छु।

४. सबै वडा केन्द्रबाट नगरपालिका केन्द्र जोड्ने सडकहरु र नगरका सबै भित्री सडकहरु स्तरउन्नत गरी कालोपत्रे गरीदै लगिने छ ।

५. नगरबाट उत्सर्जन हुने फोहोर मैलाको दिगो व्यवस्थापन गर्न डम्पीङ साइटको लागि जग्गा व्यवस्थापन गरीनेछ ।

६. गत विगत सालका अधुरा क्रमागत योजनाहरुलाई अगामी आ.व.मा पहिलो प्राथमिकता राखि सम्पन्न गराउने नीति लिइनेछ ।

७. आवधिक नगर विकास योजना, भु-उपयोग योजना, प्रकोप व्यवस्थापन योजना, भवन निर्माण मापदण्ड शिघ्र तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

८. नगरपालिका क्षेत्रमा २० फिट भन्दा कम चौडाई भएका बाटोमा पालिका तर्फबाट मर्मत सम्भार तथा स्तरीकरण गर्न कुनै किसिमको लगानी नगर्ने नीति लिईनेछ ।

९. वडाको लागी बिनियोजित पुँजीगत बजेटबाट आफैले छानेको पुर्वाधार सम्बन्धी कम्तीमा तिस लाख भन्दा माथीको **"एक वडा एक गौरव योजना"** पहिचान गरी अनिवार्य कार्यन्वयन गर्ने नीति लिएको छु ।

१०. **"एक वडा एक खेल मैदान"** को अवधारणा अनुरुप नगरपालिका क्षेत्रमा रहेका ऐलानी सार्वजनिक जग्गालाई संरक्षण गरी खेलकुद मैदान तथा पार्कका रुपमा विकास गरीनेछ ।

११. अव्यवस्थित हाटबजारलाई व्यवस्थित ढंगबाट संचालन गर्न आवश्यक भौतिक पूर्वाधारको व्यवस्थापन गरीनेछ ।

१२. वराहक्षेत्र नगरपालिकाको पन्ध्र बर्षे दिर्घकालिन सोच सहितको पन्चबर्षिय आवधिक विकास योजना तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

१३. नगर क्षेत्रमा रहेका दुर्वासा घाट, चतराघाट बराहक्षेत्र घाट, श्रृगी घाट १३ आर डी, ठाकुरबारी घाट, राजाबास स्थित घाटहरुको मर्मत तथा व्यवस्थापन गर्दै विद्युतिय शवदाह गृह निर्माणको लागी आबस्यक अध्ययन कार्य अगाडी बढाइने छ।

१४. विद्यालय तथा क्याम्पसहरुका भौतिक पुर्वाधारहरु सुधार गर्दै लगिने छ ।

१५. बराहक्षेत्र २ मिलनचौक देखी सुर्यकुण्ड सम्म कालो पत्रे गर्न संघीय सरकार तथा प्रदेश सरकार सँग पहल गरीनेछ ।

१६. जंगली जनवार प्रभावित क्षेत्र र नगरका चोक गल्लीहरुमा प्राथमिकताका साथ सडक बत्तीको व्यवस्था गरीने छ ।

१७. पुर्वाधार विकासका लागि जनसहभागिता र जनपरिचालनमा आधारित कार्यक्रमलाई प्राथामिकतासाथ कार्यान्वयनमा जोड दिईनेछ । नगरपालिका क्षेत्रमा उपभोक्ता मार्फत संचालन हुने आयोजनामा भवन र कंक्रिटको काममा १५ प्रतिशत,

माटोग्राभेलको काममा २५ प्रतिशत र माटोको काममा ३५ प्रतिशत उपभोक्ताको तर्फबाट लागत सहभागिता जुटाउने नीति लिईएकोछ ।

१८. विकास व्यवस्थापनका दृष्टिले पछाडि परेका वडाहरुमा सन्तुलित विकास गर्ने नीति अवलम्बन गरीनेछ।सोहि अवधारण अनुरुप जनसंख्या,क्षेत्रफल ,विकासको अवस्था,आन्तरिक आयमा योगदान, जस्ता सूचकका आधारमा वडास्तरिय श्रोतसाधनको बाडँफाड गर्ने नीति अवलम्बन गरीनेछ ।

१९. नगरपालिका क्षेत्रमा पुर्वाधार निर्माण गर्दा बालमैत्री, अपाङ्गमैत्री ,बाताबरणमैत्री, महिलामैत्री हुने गरी निर्माण गरीने नीति लिइने छ।

२०. भौतिक पुर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्ने कार्यलाई प्रभाबकारी बनाउन उपभोक्ता समिति र अनुगमन समितिलाई क्षमता विकासको लागी तालिम प्रदान गरी थप प्रभाबकारी बनाईनेछ ।

२१. नगरको पहिचान दिने, रोजगारी र स्वरोजगारी श्रृजना गर्ने, स्थानीय श्रोत साधनको अधिकतम प्रयोग गर्ने योजना कार्यक्रमलाई प्राथमिकता दिई गरीबी न्युनिकरण एवं समावेशीताबाट समाजिक विभेद कम गर्दै जाने नीति लिईनेछ ।

२२. बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्डको परिधीभित्र रहेर घर नक्सा पास गर्ने कार्यलाई व्यवस्थित तुल्याईने नीति लिईनेछ ।

२३. भवन निर्माणमा **"एक घर दुई रुख"** को नीति अवलम्ब गरीनेछ । भवन निर्माण सम्पन्न प्रमाणपत्रको लागि उक्त घरको परिसरमा रुख बिरुवा रहेको फोटो अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

२४. नगरक्षेत्रमा रहेका सडकहरुको नामाकरण गरी सडकको लम्बाई, सडकको सुरु र अन्तीम बिन्दुको नामाकंन समेत उल्लेख गरी प्रवेश बिन्दुमा होर्डिङ्ग बोर्ड राखिनेछ ।

२५. यस नगरभित्रका हाटबजार ,चोक र बडी मानविय चहलपहल हुने ठाउँहरुमा सिसिटिभि क्यामेरा जडान गरीने छ।

२६. यस नगरक्षेत्रमा वराहक्षेत्र पुर्व किनारामा अवस्थित दुर्वासाघाट, चतराघाट, बराहक्षेत्र घाट, श्रृगी घाट १३ आरडी ठाकुरबारी घाट राजाबास स्थितघाटहरुको स्तरउन्तनि गरीने छ ।

२७. चक्रघट्टी बजारमा रहेको बसपार्कलाइ स्तरउन्नती गरी व्यवस्थीत गरीने छ ।

२८. खानेपानी सुबिधा पुग्न बाँकी वडा नं ४ को तल्लो भाग पिडारी वडा नं ८ नं को तल्लो भाग. ९ नं वडाको सिकारीथान. १० नं वडाका सबै र ११ नं वडाको शुक्रबारेमा खानेपानी योजना विस्तार गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी तत्काल प्रकृया अगाडी बढाइनेछ ।

२९. स्थानीय खानेपानी ऐन निर्माण गरी खानेपानी व्यवस्थापन, वितरण तथा संचालनलाई व्यवस्थित गरीनेछ ।

३०. वराहक्षेत्र नगरपालिकाको आ.व.२०७९/८० मा संघ, प्रदेश तथा निर्वाचन क्षेत्र बिकास कोषबाट प्राप्त बजेटलाई जस्ताको त्यस्तै बिनियोजन गरी उक्त बजेट समाबेश गर्न अतुलनिय योगदान गर्ने व्यक्तित्व प्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

## बातावरण तथा विपद व्यवस्थापनः

१. नगरपालिकामा विपद व्यवस्थापनका लागि स्थापना गरीएको बिपद व्यवस्थापन कोषलाई प्रत्येक वर्ष बृद्धि गरीदै लगिनेछ । कोषको संचालन र व्यवस्थापन कार्यबिधि तथा निर्देशिकाबाट व्यवस्थित गरीनेछ ।

२. नगरपालिकामा रहेको स्थानीय विपद व्यवस्थापन समितिलाई तालिम प्रदान गरी विपद पुर्व तयारी तथा प्रतिकार्य योजना र जोखीम न्युनिकरण तयारीको कार्ययोजना निर्माण गरीनेछ । भविष्यमा विपद न्युनिकरणको लागि पुर्वसुचना प्रणाली सम्बन्धी कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।

३. नगरपालिकालाई वातावरण मैत्री हरित नगरको रुपमा विकास गर्न बृक्षारोपण तथा वनबुटानको संरक्षण गरी हरितगृह प्रभावलाई न्युनिकरण गर्ने निती लिईनेछ ।

४. विपदको अवस्थामा खोज तथा उद्धारको लागि विपद व्यवस्थापनमा कामगर्ने विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंग समन्वय गरी स्वयंसेवक र उद्धार राहत सामग्रीहरुको भण्डारण र पुर्व तयारीको व्यवस्था मिलाईनेछ ।

५. यस नगरपालिका क्षेत्र भित्रका सामाजिक संघ संस्थासंग समन्वय गरी सर्बसाधारणका लागि भरपर्दो एम्बुलेन्स र शब बाहन सेवा संचालन गरीनेछ ।

६. भुकम्प लगायत अन्य प्रकोप जस्ता प्राकृतिक विपतीको अवस्थाका लागि **"एक टोल एक खुल्ला क्षेत्र"** को अवधारणा अनुसार खुल्ला क्षेत्रको पहिचान गरी खुल्ला क्षेत्र तोकिनेछ र त्यस्तो क्षेत्रमा कुनै किसीमको निर्माण कार्य गर्न रोक लगाईनेछ।

८. पालिकाका ११ वटै वडा कार्यालयहरुमा फोहरमैला सम्बन्धी नागरीक सचेतना कार्यक्रम संचालन र सबै वडाहरुमा वडा स्तरीय खानेपानी, फोहरमैला, स्वच्छता समन्वय समिति गठन गरी सक्रिय तुल्याईनेछ । नगरपालिका क्षेत्रमा संकलन गरीएको फोहोर व्यवस्थापनका लागि एक डम्पिङ साइट को व्यवस्था मिलाइनेछ।

९. सार्वजनिक सडक, नाली र खुल्ला स्थानहरुमा फोहर फाल्नेलाई कानुन अनुसार कार्यवाही गरी जरिवाना गरीनेछ ।

१०. फोहर व्यवस्थापन तथा सरसफाई कार्यमा सार्वजनिक नीजि साझेदारी ($p^3$) को अवधारणा अनुसार सःशुल्क फोहर व्यवस्थापनको नीतिलाई अगाडी बढाईनेछ ।

११. वराहक्षेत्र नगरपालिका खुल्ला दिसा मुक्त क्षेत्र घोषित भएर पनि सरसफाईको कार्यमा पछाडि परेको देखिएको छ। अझै ७ प्रतिशत घरधुरीमा शौचालय नरहेको स्थितिले पुर्ण सरसफाई कार्यक्रमलाई अभियानका रुपमा संचालन गर्न जोड दिईनेछ।

१२. बजार तथा पर्यटक आवगमन हुने क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गर्न प्राथमिकता दिइनेछ।

१३. नगरमा ठुला आयोजनाहरु संचालन गर्दा अनिवार्य वातावरणीय प्रभाव मुल्यांकन अध्ययन गरीनेछ।

१४. हरित शहर निर्माण गर्न वातावरण शिक्षा, वातावरण संग सम्बन्धित संदेशमुलक सामग्री उत्पादन, प्रचार प्रसार वातावरणीय सरसफाई, वातावरणमैत्री प्रविद्धिको प्रयोग गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ ।

१५. घरपालुवा जनावर तथा पशुपंक्षीलाई जथाभावी सडकमा छाड्न रोक लगाईनेछ।

१६. स्थानीय संघ संस्था क्लबहरु संग सहकार्य गरी हरेक वडामा सम्भव भए सम्म शारिरीक व्यायामशाला खेलकुद र मनोरंजन गर्ने खालका मैदान एवं पार्क उद्धान निर्माण र संचालन गर्ने नीति लिईनेछ ।

१७. वातावरण मन्त्रालयबाट स्वीकृत राष्ट्रिय मापदण्ड प्रतिकुल हुने प्लाष्टिकको झोला प्रयोगमा नल्याउन र जनचेतना जगाउने तथा प्लाष्टिक मुक्त बनाउने नीति लिइनेछ ।

१८. वातावरणमैत्री स्थानीय शासनको अवधारणाका सुचकहरुलाई कार्यन्वयन गर्दै नगरलाई वातावरणमैत्री नगर बनाउने नीति लिईनेछ ।

१९. जलवायु अनुकुलन सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गरीनेछ ।

२०. वराहक्षेत्र नगरपालिकालाई ग्रीन एण्ड क्लीन नगरको रुपमा स्थापित गर्न सार्वजनिक जमिन, नदी तथा सडक किनारामा बृक्षारोपण गर्ने र एक घर दुई बिरुवाको अभियानलाई टोल विकास संस्थाहरुको जिम्मेवारीमा प्रभावकारी कार्यान्वयन गरी प्रदुषण मुक्त नगर बनाउने नीति लिईनेछ ।

२१. सार्वजनिक पर्ती जग्गाको संरक्षण गर्न वडा समिति र समुदायलाई सहभागीता गराई उत्तरदायी बनाईनेछ ।

२३. कोरोना भाइरस, सरुवा रोग, डेंगु, तथा शितलहर जस्ता रोगहरुबाट बच्न जनचेतनामुलक कार्यक्रमहरुं प्रचार प्रसारका रुपमा संचालन गरीनेछ र किटजन्य रोगहरु नियन्त्रण गर्न  आवश्यकता अनुसार किट नियन्त्रण र नष्ट गरीनेछ ।

**<u>वितिय व्यवस्थापन सम्बन्धीः</u>**

१. राजश्व संकलन लगायतका कार्यहरु अनलाईन माध्यमबाट संचालन भईरहेकोमा नगर तथा वडाबाट दिइने सिफारिस समेतलाई अनलाईन मैत्री बनाउन आवश्यक साधन उपलब्ध गराई क्षमता विकासको लागि तालिमको व्यवस्था मिलाईनेछ।

२. वराहक्षेत्र नगरपालिकाको नाममा रहेको कर्मचारी कल्याण कोषलाई अभिवृद्धि गरी कर्मचारीको हितमा बढी प्रतिफल प्राप्त हुने गरी परिचालन गर्ने नीति लिईनेछ।

३. नगरपालिकालाई आवश्यक पर्ने अफिस उपकरण, स्टेशनरी तथा मेशिनरी समानहरु खरिद गर्दा गुणस्तर चिन्ह प्राप्त र ग्यारेण्टी भएका समानहरु मात्र खरिद गरीनेछ र स्वदेशी उत्पादनलाई प्राथमिकता दिनेछ ।

५. कार्यालयमा भएको साधन, मेशिन, उपकरणहरुको समयमै नियमित मर्मत सम्भार गर्ने, अधिकतम परिचालन गर्ने र श्रोत अभिवृद्धिमा समेत प्रयोग गर्ने नीति लिईनेछ।

६. नगरपालिका कार्यालयमा र वडा कार्यालयमा हुने बैठक सभा, भेलाहरुलाई मितव्ययि र छरितो बनाईनेछ ।

७. कार्यालयको तर्फबाट गरीने भ्रमण कार्यक्रमलाई मितव्ययि र प्रभावकारी बनाउन औचित्यको आधारमा भ्रमण आदेश दिने र भ्रमण पछि अनिवार्य रुपमा भ्रमण प्रतिवेदन पेश गर्न व्यवस्था मिलाईनेछ ।

८.यस नगरपालिकामा भ्रष्टाचार शुन्य सहनशिलताको नीतिलाई अंगिकार गरीनेछ ।

९. नगरपालिकाबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरुमा वित्तिय जोखिम न्युनिकरण गर्नका लागि निर्माण तथा खरिद प्रक्रियाहरुलाई बढि प्रतिस्पर्धात्मक बनाउन विगत देखि प्रयोगमा ल्याईएको विधुतीय टेण्डर (E Tender) लाई अझै प्रभावकारी रुपमा प्रयोग गरीनेछ ।

१०. आन्तरिक लेखा परिक्षण शाखाको स्थापना गरी आन्तरिक लेखा परिक्षणलाई प्रभावकारी बनाईनेछ।

११. हाल सम्म व्यवसाय दर्ता गराउन छुट रहेको व्यसायीको लागि आ.व.२०७९/०८० मा व्यवसाय दर्ता गराउने र ई- रिक्सा (सिटी) दर्ता गराउने ब्यबसायिलाई दर्ता करमा ५० प्रतिशत छुटको व्यवस्था मिलाइनेछ ।

## सार्वजनिक सेवा एवं सुशासन प्रर्वद्धनः

१. ११ वटै वडामा र आवश्यकता अनुसार प्रत्येक टोलमा जनताले आफ्नो पिर मर्का तथा गुनासो राख्ने सार्बजनिक सुनवाईका रुपमा महिनामा एक पटक **"जनतासँग मेयर"** कार्यक्रम संचालन गरीनेछ । कार्यक्रमबाट प्राप्त जनताका सुझावलाई पृष्ठपोषणका रुपमा लिईनेछ ।

२. वडा कार्यालयहरुबाट प्रबाह हुने सेवामा सर्वसाधारण जनताको पहुँच बृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउदै वडा कार्यालयहरुलाई प्रविधि मैत्री बनाउने र वडा कार्यालयहरुको पूर्वाधार विकास गर्ने नीति लिईनेछ ।

३. सुशासन पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गराउन नगरपालिकाले लिएको समग्र नीति र संचालित कार्यक्रम आयोजनाले पारेको समाजिक प्रभावको लेखाजोखा गर्ने गरी सामाजिक परिक्षण र आयोजना कार्यक्रमहरुमा सार्वजनिक परिक्षण गरीनेछ।

४. नगरपालिकाको आधिकारीक वेवसाईट तथा फेसबुक पेजलाई नियमित अपडेट गरी नागरीकलाई प्रबाह गर्ने सेवालाई सुचना प्रविधिमा अधारित बनाउन अभिप्रेरित गरीनेछ ।

५. सुचनाको पहुँच वृद्धि गर्न नगरपालिकामा जनप्रतिनिधी र कर्मचारीहरुलाई सुचना प्रविधिसंग सम्बन्धित तालिम कार्यक्रम संचालन गरीनेछ ।

६. नगरपालिकामा एउटा व्यवस्थित सुचना केन्द्रको स्थापना गरी संचालन गरीनेछ।

७. नगरपालिकाको संस्थागत विकास तथा सुशासन जवाफदेहिता तथा पारदर्शिता कायम गर्न आवश्यक्तानुसार नियम विनियम तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।

८. सेवा प्रवाहमा सुचना प्रविधिको प्रयोग बढाउदै Paperless Office कार्यालयको रुपमा विकास गर्दै लगिनेछ।

९. नगरपालिकाबाट जनप्रतिनिधी तथा कर्मचारीलाई गरीने पत्राचारलाई निरुत्साहित गरी ईलेक्ट्रोनिक प्रणालीको प्रयोग र अभ्यासलाई प्रभावकारी बनाईनेछ ।

१०. सेवाग्राही नागरीकहरुको गुनासो व्यवस्थापन गर्न हरेक वडामा एक जना गुनासो सुन्ने प्रतिनिधिको व्यवस्था मिलाईनेछ । साथै नगरपालिकामा समेत गुनासो व्यवस्थापनलाई थप व्यवस्थित बनाईनेछ ।

११. वडा सरकारको अवधारणा अनुसार नगरवासीका अधिकतम सेवा वडा कार्यालयबाटै उपलब्ध हुने व्यवस्था मिलाईनेछ।सेवाग्राहीहरुलाई गुणस्तरीय र सहज सेवा प्रदान गर्नका लागि सेवाग्राहीमैत्री वडा कार्यालयको घोषणा गर्ने नीति ल्याईनेछ ।

१२. जनप्रतिनिधि तथा कर्मचारीहरुको आचार संहिताको कार्यान्वयनलाई प्रभावकारी बनाईनेछ ।

१३. स्थानीयतहबाट प्रदान गरीने सेवाको गुणस्तरमा सुधार गर्दै प्रक्रिया सरलीकृत गर्ने र सेवामा सर्वसाधारण जनताको पहुँच अभिवृद्धि गर्ने नीति लिइनेछ ।

१४. जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकास गरी सेवा प्रवाहलाई गुणस्तरीय र जनमैत्री बनाईनेछ ।

१५. जिल्ला स्थित कार्यालय, विषयगत कार्यालय, शाखा तथा वडा कार्यालयहरु बीच सहकार्य र सौहार्धताका लागि एक उपयुक्त संयन्त्रको निर्माण गरीनेछ। कर्मचारी र जनप्रतिनिधिबिच हार्दिकतापुर्ण र सौहार्दपुर्ण कामकाजी वातावरण निर्माण गर्न महिनामा एक पटक "**हामी सबै, हामी सगै**" अनुभव आदन प्रदानको कार्यक्रम नियमितरुपमा आयोजना गरीनेछ।

१६. कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कृत गर्ने नीति लिईनेछ । प्रत्येक वर्ष उत्कृष्ट कार्य सम्पादन भएका वडा तथा नगरबाट दुइ जना कर्मचारी छनौट गरी पुरस्कृत गरिनेछ ।

१७. आफ्ना काम कारवाही, निर्णयहरुको नियमित प्रकाशन गरी सुसूचित गर्ने नीति लिईनेछ ।

१८. कार्यालयका कर्मचारीहरुमा स्वच्छ आचरणको निर्माण गरी सेवाग्राहि प्रति सम्मानपुर्ण व्यवहार गर्न अभिप्रेरित गरीनेछ।

१९. आर्थिक बर्षको अन्त्यमा नगरपालिकाबाट सम्पादित गरीएका सम्पुर्ण गतिविधिहरुलाई वृत्तचित्र बनाई प्रशारण गर्ने गराउने व्यवस्था मिलाईनेछ ।

२०. वराहक्षेत्र नगरपालिकाको दीर्धकालीन सोच **"समृद्ध वराहक्षेत्रको आधार , कृषि पर्यटन र दिगो पुर्वाधार"** भन्ने भिजनका साथ आवधिक योजना निर्माणको कार्य यसै आ.व.मा सम्पन्न गरीनेछ ।

२१. नगरपालिकाको विकास र समृद्धिका लागि अन्तर नगरपालिका तथा गाउँपालिका सँग समन्वय बैठक तथा समस्या तथा प्रगतिको समीक्षा गरिने नीति लिईनेछ ।

## सामाजिक विकास सम्बन्धीः

१. वराहक्षेत्र नगरपालिकालाई भबिष्यमा मानवताको शहर (City with Humanity) बनाउनका लागि पुर्ण सरसफाई युक्त, छुवाछुत मुक्त, पुर्णसाक्षार, पुर्णखोपयुक्त, घरभित्रको धुवामुक्त, बाल बिबाह मुक्त महिला हिँसा मुक्त, दहेज मुक्त जस्ता कार्यक्रमहरुलाई अभियानका रुपमा संचालन गरीनेछ ।

२. एकल तथा दलित महिलाहरुका हित प्रवर्धन गर्ने, सीप विकास र आय आर्जन गर्ने कार्यक्रम संचालन गर्न प्राथमिकता दिईनेछ ।

३. महिला बालबालिका तथा अन्य लक्षीत वर्गलाई प्रत्यक्ष फाईदा पुग्ने खालका आयोजनाहरुलाई प्राथमिकता राखी कार्यान्वयन गरीनेछ ।

४. सामाजिक कुरितीको रुपमा रहेको बालबिवाह, बहुबिवाह, बोक्सी प्रथा, रुढीवाद, अन्ध विश्वास एवं भ्रमहरु हटाउन सामाजिक परिचालन मार्फत् सचेतीकरण गरीनेछ।

५. नगर क्षेत्रमा निर्माण पुर्वाधार वालमैत्री, अपाङ्गमैत्री, तथा महिला मैत्री, बनाउने नीति लिईनेछ ।

६. वराहक्षेत्र नगरपालिका क्षेत्रभित्रका सबै विद्यालयस्तरमा, समुदायस्तरमा, वडास्तरमा र गाउँस्तरमा वालक्लब र वालसंजाल गठन गरी बाल सहभागिता अभिबृद्धि गरी बाल मैत्री नगर घोषाणा गर्न कार्यक्रम अघि बढाइने छ ।

७. नवजात शिशु, बालबालिका गर्भवती तथा सूत्केरी महिलाको स्वास्थ्य हितका लागि पोषण सम्बन्धी कार्यक्रम संचालन गरीनेछ ।

८. गर्भवती महिलालाई प्रसुतीका बखत अस्पताल आवतजावत गर्न एक पटक एम्बुलेन्स भाडा बापत रु.२,५०० (दुइ हजार पाँच सय) उपलब्ध गराइने छ ।

९. ७५ वर्ष भन्दा माथीका जेष्ठ नागरीकलाइ प्रत्येक ३ महिनामा एक पटक घरमै स्वास्थ परिक्षणको ब्यवस्था मिलाइने छ ।

१०. बैंक मार्फत वितरण भई रहेको सामाजिक सुरक्षा भत्ता सरल र सुबिधाजनक रुपमा उपलब्ध गराउन बिषेश ध्यान दिईनेछ ।

११. सामाजिक अग्रज सम्मानित ज्येष्ठ नागरीकहरुको भूमिका र योगदानलाई उच्च महत्व दिईनेछ । ज्येष्ठ नागरीकहरुको अवस्था विशेषको आधारमा तथ्यांक व्यवस्थित गरीनेछ ।

१२. ज्येष्ठ नागरीकहरुको दिनचर्यालाई सहज र सक्रिय बनाउन **"ज्येष्ठ नागरीकः एक वडा एक मिलन केन्द्र"** संचालन गरीनेछ ।त्यसका लागि सबै वडामा जेष्ठ नागरीकहरुलाई संगठन गरी जेष्ठ नागरीक संजाल निर्माण गरीनेछ ।

१३. नगरपालिकाबाट प्रदान गरीने सेवाहरुमा असहाय अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरीक, गर्भवती, सुत्केरीलाई सेवामा अग्राधिकार दिईनेछ ।

१४. "**अपाङ्गमैत्री सहर वराहक्षेत्र नगर**" बनाउनका लागि कार्ययोजना निर्माण गरी कार्यक्रम कार्यान्वय गरीनेछ। साथै अपाङ्गताको प्रकृति अनुसारका सहयोगी सामानहरु वितरण गर्न रकम बिनियोजन गरीएको छ ।

१५. नगरपालिकालाई सबै किसिमको विभेदमुक्त समाज निर्माण गर्ने नीति लिईनेछ । यसका लागि सकारात्मक विभेदको नीति समेत अवलम्बन गरीनेछ ।

१६. छुवाछुतमुक्त समाजको अवधारणालाई सार्थक बनाउन समुदाय तहसम्म अन्तरघुलन लगायतका कार्यक्रम संचालन गरीनेछ । जातीय भेदभाव , छुवाछुत सामाजिक अपराध भएकोले दण्डनीय बनाईनेछ ।

१७. यौनिक लैगिंक अल्पसंख्यकहरुको मुलप्रवाहीकरणका लागि क्षमता अभिवृद्धि र आय आर्जनमा प्राथमिकता दिने कार्यक्रम संचालन गरीनेछ ।

१८. युवावर्गहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न अतिरिक्त क्रियाकलाप, व्यवसायिक तथा अभिमुखिकरण कार्यक्रम संचालन गरीनेछ ।

१९. युवावर्गलाई खेलकुदको माध्यमबाट स्वस्थ्य जीवनशैली र सृजनात्मक क्षमताको विकास र समाजको प्रतिष्ठा अभिवृद्धि गर्न प्रेरित गरीनेछ ।

२०. खेलकुदको विकासको लागि प्रत्येक बर्ष खेलकुद संघ संस्थाहरुको साझोदारीमा **"मेयर कप"** लिग फुटबल प्रतियोगिताको आयोजना गरीनेछ।

२१. अनुभवको आदान प्रदान तथा क्षमता विकासका लागि आवश्यकता अनुसार शिक्षकहरुको नगरपालिका क्षेत्रभित्र आन्तरिक सरुवा गरीनेछ ।

२२. बिद्ययालय जाने उमेर समूहका नगरका सम्पुर्ण बालबालिकालाई **"बिद्यालय भर्ना गराउ र बिद्यार्थी टिकाउ"** अभियान संचालन गरी नगरबाट पुर्ण रुपमा निरक्षरता उन्मुलन गरीनेछ । विद्यालय जाने उमेर पुगेका बाबालिकालाई विद्यालय नपठाउने अभिभावकलाई नगरपालिकाको सुविधाबाट बञ्चित गरीने नीति लिएको छु ।

२४. दिवा खाजा कार्यक्रम लागु भएका विद्यालयले अनिवार्य रुपमा बच्चालाई खाजा खुवाउने व्यवस्था मिलाउनु पर्नेछ । खाजा नखुवाउने विद्यालयको दिवा खाजा अनुदान निकाशा रोक्का गरीनेछ।

२५. सामुदायिक विद्यालयलाई गरीने पुर्वाधार सहयोगमा अपाङ्गमैत्री, बालमैत्री र लैङ्गिकमैत्री शौचालय निर्माणलाई प्राथमिकता दिईनेछ ।

२६. समयको माग अनुसार नगरपालिका क्षेत्रका सामुदायिक विद्यालयहरुलाई क्रमश अंग्रेजी माध्यममा रुपान्तरण गरीनेछ ।

२८. नगरपालिका र विभिन्न संघ संस्थाहरुको सहकार्यमा संचालन हुने कार्यक्रमहरुको कार्यक्रम सम्पन्न प्रतिवेदन नगरपालिकामा पेश गर्न अनिवार्य

गरीनेछ। गैरसरकारी संघसंस्थाहरुसंगको सहकार्यलाई प्राथमिकता दिईने छ । वराहक्षेत्र नगरपालिका क्षेत्र भित्र कार्यक्रम संचालन गर्ने गै.स.सं. हरुका कार्यक्रम नगर विकास योजनामा अनिवार्य समावेश गराउनु पर्नेछ ।

२९. स्थानीय समुदाय विशेषका संस्कृतिलाई संरक्षण, विकास र प्रर्बधनमा प्रोत्साहन गर्ने नीति लिईनेछ ।

३०. नगरको शिक्षा, स्वास्थ्य, भाषा, संस्कृति, कला, साहित्य समाज सेवाका क्षेत्रमा विशिष्ट योगदान पुर्याउने व्यक्तिहरुलाई सम्मान गर्ने नीति लिईनेछ ।

३१. नगरपालिकालाई सामाजिक रुपान्तरण गर्न सामाजिक परिचालनको कार्यक्रम संचालन गरीनेछ ।

३२. सामाजिक परिचालनका माध्यमबाट गरीबी न्यूनिकरण कार्यक्रमलाई मुलप्रवाहीकरण गरीनेछ ।

३३. स्वच्छ खानेपानीमा सम्पूर्ण गाउँवासीको पहुच कायम गर्न अधुरा खानेपानी योजनाहरुलाई सम्पन्न गरी उपयोगमा ल्याईनेछ ।

३५. अति सिमान्तकृत वर्गमा पर्ने उरावँ झागड मुसर समुदायको सँस्कृति जोगाउनका लागि आवश्यक सामाग्री उपलब्ध गराउने प्रबन्ध मिलाइनेछ ।

३६. मुसहर परिवारका कलेजमा अध्ययन गर्ने छात्र छात्राहरुका लागि निशुल्क पठनपाठनको व्यवस्था मिलाईनेछ ।

३७. शिक्षकहरुको पेशागत क्षमता अभिबृद्धि गर्दै शिक्षण सिकाइ प्रकृयामा ICT को प्रयोगमा जोड दिइने छ ।

३८. बराहक्षेत्र नगरपालिकाको भौगोलिक ऐतिहासिक सांस्कृतिक अवस्था झल्किले र आफ्नो ठाँउको अपनत्व बोध हुने गरी स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरीने छ ।

३९. बराहक्षेत्र नगरपालिकाका सामुदायिक बिध्यालयमा कार्यरत शिक्षिकाहरु प्रसुति बिदामा रहदाको अवस्थामा सट्टा शिक्षकको व्यवस्था गरीने छ। सट्टा शिक्षकको पारिश्रमिकको लागी छुट्टै बजेट व्यवस्था गरीने गरीने छ ।

४०. **"कर्णधारसँग वडाअध्यक्ष"** कार्यक्रम तर्जुमा गरी प्रत्येक वडामा जन्मेका नवजात शिशुसंग पोषण सामाग्री र न्यानो लुगा र पंन्जिकरणको काम सहित अध्यक्ष भेटघाट कार्यक्रम संचालन गरीनेछ।

४१. दिगो विकासका लक्ष्यहरुलाई सन् २०३० सम्ममा पुरा गर्नका लागि दिगोविकासका लक्ष्यहरुको स्थानीयकरण रणनिती तयार गरीनेछ ।

४२. सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएका व्यक्तिको छानविन गर्न गठित छानविन आयोगको मिति २०७९।०१।१४ को पत्र अनुसार यस बराहक्षेत्र नगरपालिकाका १० जना बेपत्ता नागरिकहरुको नामनामेसी उल्लेख भई आएको सम्बन्धमा पालिकाबाट खोजविन तथा सर्जमिन हुँदा हालसम्म ८ जनाको मात्र सर्जमिन तथा पहिचान भएको छ । उहाँहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दै उहाँहरुको स्मृतिमा वडा नं १ बराहक्षेत्र नपा र धरान उपमहानगरपालिकाको सिमानाम स्मृति प्रवेशद्वार निर्माण कार्य अगाडी बढाइनेछ ।

## जन स्वास्थ्य प्रवर्द्धन सम्बन्धीः

१. वराहक्षेत्र नगरपालिकालाई स्वास्थ्य सेवा मैत्री केन्द्रको रुपमा विकास गर्न यस क्षेत्रमा रहेका सबै स्वास्थ्य संस्थाहरुको पूर्वाधार विकास र गुणस्तरीय सेवामा जोड दिईनेछ निःशुल्क आधारभुत स्वास्थ्य सेवा सबै नागरीकको पहुँचमा पुर्याईनेछ ।

२. महिला स्वास्थ्य स्वंमसेविका सेवालाई थप प्रभावकारी बनाउन संचालन व्यवस्थापन निर्देशिका बनाई कार्यान्वयन गरीनेछ ।

३. स्वंयम सेविकाले प्रदान गर्ने सेवालाई प्रभावकारी बनाउन प्रत्येक स्वंयम सेविकालाई वार्षिक रु ५००० ।प्रोत्साहन भता प्रदान गरीदै आएकोमा आगामी आ.व. देखि मासिक रु. १००० ।का दरले प्रोत्साहन भता उपलब्ध गराईनेछ ।

४. आ.व. ०७९/८० भित्र वराहक्षेत्र नगरपालिकालाई पूर्णखोप सुनिश्चित नगरपालिका घोषणा गरीनेछ।

५. उपभोक्ता अधिकार, गुणस्तर सम्बन्धी जनचेतना अभिबृद्धि गराउने र कालोबजारी नियन्त्रण, नियमित बजार अनुगमन गर्ने र आवश्यक मापदण्ड बनाई स्वच्छ खाद्यान्न किन्न पाउने उपभोक्ताको अधिकार सुनिश्चत गरीनेछ ।

६. जनस्वास्थ्यलाई दृष्टिगत गरी नगरका मुख्य बजारक्षेत्र तथा चोकहरुमा खुल्ला ब्यायमशाला निर्माण गरी संचालन गरीनेछ ।

७. प्रत्येक वडाका बिपन्न एकसय घरधुरी छनौट गरी स्वस्थ्य बिमा गरीनेछ ।

८. सर्पदंश सम्बन्धी औषधी उत्पादन गर्ने बायलोजिकल उद्योग तथा औषधी उत्पादनमुलक उद्योगलाई विशेष प्राथमिकतामा राखी प्रोत्साहन गरीनेछ ।

**<u>आदरणिय महानुभावहरु</u>**

मैले प्रस्तुत गरेको नगरपालिकाको नीति तथा कार्यक्रमबाट वराहक्षेत्र नगरबासी जनताको आर्थिक सामाजिक अवस्थामा परिबर्तन आउने, भौतिक विकासले फड्को मार्ने र राजश्व संकलनमा उल्लेखनिय बृद्धि हुनुका साथै सेवा प्रबाहमा सुधार भई जनतामा सुशासनको अनुभुति हुने बिश्वास लिएको छु ।

अन्तमा, यो बार्षिक नीति तथा कार्यक्रम निर्माण गर्न महत्वपुर्ण सहयोग गर्नु हुने उपप्रमुख ज्यु, प्रमुख प्रशासकिय अधिकृत लगायत योजना तर्जुमा समितिका सदस्य ज्यूहरु, राजश्व परामर्श समितिका पदाधिकारी ज्यूहरु, कार्यपालिकाका सम्पुर्ण सदस्य ज्यूहरु, नगरसभा सदस्य ज्युहरु, नगरपालिकाका सम्पुर्ण कर्मचारी साथीहरुलाई हार्दिक धन्यबाद दिन चाहन्छु ।

हाम्रो आमन्त्रणलाई स्वीकार गरेर महत्वपुर्ण सल्लाह सुझाबका लागि उपस्थित हुनु भएका हाम्रा प्रमुख अतिथि, बिशिष्ट अतिथि, अतिथि र सम्पुर्ण वराहक्षेत्र नगरबासीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु र आगामी आर्थिक बर्षका लागि पेस भएको नीति कार्यक्रम उपर सघन  छलफल गरी पारित गरीदिनु हुनेछ भन्ने बिश्वासकासाथ  बिदा चाहन्छु ।

धन्यबाद !!

असार ७, २०७९

रमेश कार्की
नगर प्रमुख